URL: www.mopit.gov.np
email: info@mopit.gov.np

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

फोन नं.: ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं.: ४२११७२०
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ४।३।२०७८।७९
च. नं.:- २३०

मिति– २०७९/०२/३१

**विषयः–** निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री प्रशासन महाशाखा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।
श्री पूर्वाधार निर्माण तथा यातायात महाशाखा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।
श्री योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।
श्री विकास सहायता समन्वय तथा गुणस्तर महाशाखा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय।
श्री सडक विभाग
श्री रेल विभाग
श्री यातायात व्यवस्था विभाग
श्री पानी जहाज कार्यालय
श्री सडक बोर्ड नेपाल

उपर्युक्त विषयमा महालेखा परीक्षकको वार्षिक प्रतिवेदन अनुसार बढी बेरुजु हुने निकायको सूचिमा यस मन्त्रालय पनि रहेको व्यहोरा अवगत नै होला। महालेखा परिक्षकको कार्यालयले उल्लेख गरेका बेरुजु हरेक वर्ष दोहोरिने गरेको र लेखा परिक्षण प्रतिवेदनमा प्राप्त सुझावहरु तथा सार्वजनिक लेखा समितिका निर्देशनहरु समयमै पालना गर्न नसक्दा बेरुजुको मात्रामा कमी गर्न सकिएको छैन। हाल यस मन्त्रालयको लगती बेरुजु ३४ अर्ब १८ करोड ९० लाख रहेको छ भने सैद्धान्तिक एवं नीतिगत बेरुजु पनि अध्यावधिक रहेको छ। बेरुजु फर्श्यौट गर्ने भन्दा पनि बेरुजु उल्लेख नै हुन नदिन सम्बन्धित पदाधिकारीहरु प्रयासरत रहनु अति महत्वपूर्ण देखिएको छ । यी दुवै कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिरहेको अवस्था नरहेको र बेरुजू फर्श्यौटको वार्षिक कार्ययोजना स्वीकृत गरी कार्यान्वयनको लागि विभाग मार्फत सबै कार्यालय र आयोजनाहरुमा पठाईएकोमा कार्ययोजना बमोजिम बेरुजू फर्श्यौट हुन सकेको देखिएन । अत: बेरुजु फर्श्यौटलाई प्राथमिकता दिन र साथै महालेखा परीक्षकको कार्यालयबाट प्रतिवेदनमा उल्लेख भएका सुझाव तथा सार्वजनिक लेखा समितिमा भएको छलफलबाट प्राप्त निर्देशन एवं सुझावहरुको प्रभावकारी कार्यान्वयन गरी आगामी वर्षदेखि नै सुधार गर्न सबै मन्त्रालयका सबै महाशाखा/विभाग/कार्यालय/आयोजनाहरुमा जानकारी गराईन्छ ।

**सार्वजनिक लेखा समितिबाट भएका सुझाव एंव निर्देशनहरु–**

१. राष्ट्रिय गौरवका आयोजनाहरु निर्धारित समयमा सम्पन्न गराउने ।

२. आयोजना समयमा सम्पन्न नहुँदा आयोजनाको लागत बढ्न जाने, जनताले यसको प्रतिफल समयमा प्राप्त गर्न नसक्ने भएकोले समयमै साईट क्लियरेन्स, मुआब्जा विवाद, अन्य कार्यालयहरुसंगको समन्वय लगायतका कार्य गरी आवश्यक बजेट व्यवस्था गर्ने।

सचिव

नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

URL: www.mopit.gov.np
email: info@mopit.gov.np
फोन नं.: ४२११८८० ४२११९३१ ४२११६५५
फ्याक्स नं.: ४२११७२०
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

३. सबै आयोजना एवं कार्यक्रमको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

४. क्षतिपूर्ति एवं मुआब्जा व्यवस्था, विद्दुत लाईन विस्तार, वनको जग्गा उपयोग तथा खानेपानीका पाईप विस्तार लगायतका कार्यमा समन्वय गरी राजमार्ग निर्माणका कामलाई तीव्रता दिने ।

५. ढिलासुस्ती गर्ने ठेकेदार तथा अनुगमनमा लापरवाही गर्ने पदाधिकारीलाई कानूनी कारवाही गर्ने।

६. थुप्रै स्थानमा पुलपुलेसा निर्माण कार्य अधुरो रहेकाले सडक निर्माणमा अवरोध आएको,डाईभर्सन बनाउन परेको र वर्षातमा जोखीम बढ्ने स्थिति रहेकोले पूल निर्माण कार्यलाई तीव्रता दिने।

७. कार्यालयमा पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गर्ने।

८. आन्तरिक लेखापरिक्षणलाई प्रभावकारी बनाउने ।

९. सूचना प्रविधिको प्रयोग गरी लेखापरिक्षणमा एकरुपता ल्याउनु पर्ने ।

१०. लेखा परीक्षण र संपरीक्षणमा प्रमाणको निष्कर्ष फरक नहुने गरी गर्ने गराउने।

११. कार्यालय प्रमुखबाहेक अन्य सम्बन्धित कर्मचारीहरुलाई पनि बेरुजु फश्यौंटमा जिम्मेवार बनाउने।

१२. तालुक निकायहरुमा पेश गर्नु पर्ने प्रतिवेदन,प्रगति विवरण तथा अन्य अवस्थाको यथार्थ जानकारी समयमै पेश गर्ने।

१३. वैदेशिक सहयोगमा सन्चालित आयोजनाहरुको समिक्षा गरी सम्झौता अनुरुपको खर्च गर्ने गरी प्रभावकारी कार्यान्वयन गर्ने।

१४. बजेट तथा कार्यक्रम निर्धारण गर्दा श्रोतको उपयुक्त बाँडफाँड गर्ने र बजेटको सिलिङ्गभित्र रहेर मात्र खर्च गर्ने।

१५. बजेटलाई यथार्थपरक बनाउने,बजेट थप्ने घटाउने र श्रोतान्तर गर्ने जस्ता कार्यलाई न्यूनिकरण गर्ने।

१६. त्रैमासिक बजेट बाँडफाँडको परिधिभित्र रही खर्च गर्ने व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गर्ने।

१७. बजेट सिद्धान्त बिपरित खर्च गर्ने गराउने पदाधिकारीलाई सचेत गराउने र अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र फ्रिज हुने रकम परिचालन तथा रकमान्तर गर्ने।

१८. पेश्की विवरण अनिवार्य रुपमा मासिक रुपमा राख्ने एवं त्यसको निरन्तर अनुगमन गर्ने।

१९. प्राविधिक सहायता रकम लगायत सबै किसिमका बैदेशिक सहयोगको आयोजनाहरुको छ महिनाभित्र लेखापरीक्षण गर्ने गराउने।

२०. आयोजना निर्माण त्यसको लागत तथा अवस्था खुल्ने विवरण सबै निकायमा अनिवार्य रुपमा राख्ने।

२१. बहुवर्षिय ठेक्का स्वीकृत गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन गरी आयोजना कार्यान्वयनमा ल्याउने।

२२. विस्तृत आयोजना प्रतिवेदन स्वीकृत गरी आयोजनाको लागत यकिन गर्ने।

सचिव

नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

URL: www.mopit.gov.np
email: info@mopit.gov.np
फोन नं.: ४२११८८० ४२११९३१ ४२११६५५
फ्याक्स नं.: ४२११७२०
सिंहदरबार, काठमाडौं
नेपाल ।

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं

पत्र संख्याः-

च. नं.:-

२३. सबै विभाग एवं कार्यालयहरुले जिन्सी तथा सम्पतिको एकिकृत अभिलेख तयार गरी मन्त्रालयमा पठाउने।

२४. खरीद सम्झौता गर्दा पर्याप्त प्रतिस्पर्धा हुने गरी ईमान्दारिता,स्वच्छता,जवाफदेहिता र विश्वसनियता कायम हुने गरी गर्ने।

२५. खरीद सम्झौताको म्याद समाप्त हुँदासम्म कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीसंग खरीद सम्झौताको शर्त र सार्वजनिक खरीद ऐन बमोजिम समयमै कारवाही गर्ने।

२६. केन्द्रीय निकायबाटै गर्ने भनिएका आयोजनाबाहेक सबै आयोजना मातहतका सम्बन्धित निकायबाट खरीद व्यवस्थापन कार्य गर्ने र विभाग एवं निर्देशनालयहरुले अनुगमन मूल्याङ्कन गर्ने ।

२७. परामर्शदाता छनौट गर्दा गुणस्तरीय परामर्श प्राप्त हुने गरी मापदण्ड तय गर्ने र परामर्शदातालाई जिम्मेवार बनाउने।

२८. निर्माण व्यवसायी वा कर्मचारी वा परामर्शदाताबाट असूल गर्नु पर्ने रकम भए तुरुन्तै असूल गरी राजश्वमा दाखिला गर्ने।

२९. भेरिएशन आदेश स्वीकृत नगराई र म्याद थप नगरी कुनैपनि भुक्तानी नगर्ने। यदि त्यसरी भुक्तानी भएको अवस्था रहेछ भने यसको जिम्मेवारी सम्बन्धित पदाधिकारी नै हुने।

३०. बैंक जमानतहरुको म्याद समयमै थप गराउने। म्याद थप नगराउनेको जमानत जफत गर्ने।

३१. दर विश्लेषण यथार्थपरक र वस्तुनिष्ठ बनाउने ।

३२. मूल्य अभिवृद्धिकर समायोजनको पत्र पेश नगरी धरौटी रकम फिर्ता नगर्ने।

३३. आगामी आ.व.मा गर्नु पर्ने ठेक्का बन्दोबस्तका काम समयमै सम्पन्न गर्ने ।

३४. वैदेशिक शोध भर्नाको रकम समयमै प्राप्त गर्ने ।

..........................
गोपाल प्रसाद सिग्देल
सचिव

सचिव

बोधार्थ–
श्री सार्वजनिक लेखा समितिको सचिवालय
संसद भवन, सिंहदरबार।
श्री महालेखा परिक्षकको कार्यालय
भौतिक पूर्वाधार निर्देशनालय, अनामनगर।
श्री बेरुजू फर्स्यौट अनुगमन समिति
अर्थ मन्त्रालय, सिंहदरबार ।